# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत २६ गते २०५८ साल (संख्या ५०


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी International Committee of the Red Cross ले आयात गर्ने स्वीस फ्रेङ्क २७,५४०.६०।– मूल्य बराबरको आधारभूत उपचार सामग्रीहरूमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी परम पूज्य अवतारी धर्मगुरु भूपति व्रज लामाले गुरु पद्म उद्वोध स्थल गुम्बा बौद्ध, काठमाडौंको लागि आयात गर्ने हङकङ डलर १०,४२५.०० मूल्य बराबरको Sandalwood Board, Cermiplus Board र Plywood Board आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी रामलाल गोल्छा नेत्र चिकित्सालय बिराटनगरले Lions Club International को Sight First Program, जापानबाट उपहार स्वरुप प्राप्त गर्ने जापानी येन, ११,५०,०००.०० मूल्य बराबरको Operating Microscope आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारको मिति २०५८ असार ६ को निर्णयानुसार नेपाल कृषि सेवा बागवानी समूह राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) शाखा अधिकृतस्तरका देहायका अधिकृतहरूलाई मिति २०५८ असार ५ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ ।

| नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|
| १) श्री दण्डपाणी खनाल | कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत |
| २) श्री रामबहादुर श्रेष्ठ | कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत |
| ३) श्री गणेशकुमार श्रेष्ठ | कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत |

## सूचना २

श्री ५ को सरकारको मिति २०५८ बैशाख ४ को निर्णयानुसार नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) शाखा अधिकृतस्तरका देहायका अधिकृतहरूलाई मिति २०५७ चैत्र ३१ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ ।

| नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|
| १) श्री अजितसिंह प्रधान | स्वास्थ्य मन्त्रालय वा अन्तर्गत |
| २) श्री रविप्रसाद कायष्थ | केन्द्रीय तथ्याङ्क विभाग वा अन्तर्गत |
| ३) श्री गंगादेवी दवाडी | " " " |

## सूचना ३

श्री ५ को सरकारको मिति २०५८ श्रावण १२ को निर्णयानुसार नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) का देहायका अधिकृतलाई मिति २०५८ श्रावण ११ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ ।

| नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|
| १) श्री शरदबाबु रेग्मी | भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४२

## सूचना ३क

श्री ५ को सरकारको मिति २०५८ श्रावण १२ को निर्णयानुसार नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) का देहायका अधिकृतलाई मिति २०५८ श्रावण ११ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ।

| नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|
| १) श्री दिव्येश्वरप्रसाद श्रेष्ठ | भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत |

## सूचना ४

श्री ५ को सरकारको मिति २०५८ श्रावण १२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृतस्तरका देहायका अधिकृतहरूलाई मिति २०५८ श्रावन ११ देखि ज्येष्ठता कायम हुने गरी सोही सेबा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ।

| नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|
| १) श्री जगन्नाथ देवकोटा | महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत |
| २) श्री ऋषिराम शर्मा | " " " |
| ३) श्री पिताम्वर वराल | " " " |

## सूचना ६

श्री ५ को सरकारको मिति २०५८ भाद्र ८ को निर्णयानुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृतस्तरका देहायका अधिकृतहरूलाई मिति २०५२ ज्येष्ठ २ देखि ज्येष्ठता कायम हुने गरी सोही सेबा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ।

| नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|
| १) श्री गोविन्दप्रसाद सापकोटा | भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत |
| २) श्री खड्गबहादुर चापागाई | " " " |
| ३) श्री फत्यबहादुर बडुवाक्षेत्री | " " " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

288

सूचना ८

श्री ५ को सरकारको मिति २०५८ आश्विन २ को निर्णयानुसार नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) शाखा अधिकृतस्तरका देहायका अधिकृतहरूलाई मिति २०५८ भाद्र २७ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा गरी देहाय बमोजिमको कार्यालयमा पदस्थापन गरिएको छ ।

| | नाम, थर | बढुवा पदस्थापन भएको कार्यालय |
|---|---|---|
| १. | श्री सुरेश कुमार नेम्वाङ्ग | भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत |
| २. | श्री रविरत्न शाक्य | भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत |

आज्ञाले,

**मुकुन्द प्रसाद अर्ज्याल**

श्री ५ को सरकारको सचिव

**श्री ५ को सरकार**

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०५९ साल वैशाख १ गतेदेखि ऐ. चैत मसान्तसम्म एक वर्षभरिमा मन्त्रालय, विभाग, कार्यालय एवं अदालतहरूलाई देहाय बमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छः-

१. **वर्षभरिका शनिबार दिनहरू:**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क) | वैशाख | ७,१४,२१,२८ | (४) | ख) | जेठ | ४,११,१८,२५ | (४) |
| ग) | असार | १,८,१५,२२,२९ | (५) | घ) | साउन | ४,११,१८,२५ | (४) |
| ङ) | भदौ | १,८,१५,२२,२९ | (५) | च) | असोज | ५,१२,१९,२६ | (४) |
| छ) | कात्तिक | २,९,१६,२३,३० | (५) | ज) | मंसिर | ७,१४,२१,२८ | (४) |
| झ) | पुस | ६,१३,२०,२७ | (४) | ञ) | माघ | ४,११,१८,२५ | (४) |
| ट) | फागुन | ३,१०,१७,२४ | (४) | ठ) | चैत | १,८,१५,२२,२९ | (५) |
| | | | | | | **जम्मा :-** | **५२ दिन** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **पर्व बिदाहरू:**

(क) नववर्ष वैशाख १ गते आइतबारका दिन, एक दिन

(ख) रामनवमी वैशाख ८ गते आइतबारका दिन, एक दिन र चैत २८ गते शुक्रबारका दिन, एक दिन ।

(ग) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरूमा गौरा पर्व (गौरा पूजा) भदौ १४ गते शुक्रबारका दिन, एक दिन ।

(घ) छठ पर्व मनाउने जिल्लाहरूमा कात्तिक २४ गते आइतबारका दिन, एक दिन ।

(ङ) इसाई धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई क्रिसमस-डे पुस १० गते (तदनुसार २५ डिसेम्बर) बुधबारका दिन, एक दिन ।

(च) ल्होसार पर्व मान्ने सरकारी कर्मचारीहरूका लागि ल्होसार पर्व पर्ने दिन, एक दिन ।

(छ) किरांत चाड मान्ने सरकारी कर्मचारीहरूका लागि किराँत चाड पर्ने दिन, (मंसिरे पूर्णिमा) एक दिन ।

(ज) महाशिवरात्री फागुन १७ गते शनिबारका दिन, एक दिन (शनिबार परेकाले बिदा भनिरहनु नपर्ने) ।

(झ) फागुपूर्णिमा चैत ३ गते सोमबारका दिन, एक र देहायका जिल्लाहरूमा चैत ४ गते मंगलबारका दिन, एक दिन ।

**जिल्लाको नाम**

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १० रौतहट | ११. बारा | १२. पर्सा |
| १३. सुर्खेत | १४. चितवन | १५. नवलपरासी | १६. रुपन्देही |
| १७. कपिलवस्तु | १८. दाङ | १९ बाँके | २० बर्दिया |

(ञ) इस्लाम धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई इद (इदुल्ल फित्र) र बकर इद, (इदुल जोहा) का दिन, एक दिन ।

३. **महिला कर्मचारीहरूका लागि मात्र:**

(क) हरितालिका (तीज) भदौ २४ गते सोमबारका दिन, एक दिन ।

(ख) ऋषि पञ्चमी भदौ २६ गते बुधबारका दिन, एक दिन ।

(ग) नारी दिवस फागुन २४ गते (तदनुसार मार्च ८) शनिबारका दिन, एक दिन (शनिबार परेकाले बिदा भनिरहनु नपर्ने) ।

४. **उपत्यकालाई मात्र बिदा:**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१ जात्रा बिदा :

(क) इन्द्रजात्रा असोज ४ गते शुक्रबारका दिन, एक दिन ।

४.२ वर्षभरिका आइतबार बिदाः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क) | वैशाख १,८,१५,२२,२९ | (५) | ख) | जेठ | ५,१२,१९,२६ | | (४) |
| ग) | असार २,९,१६,२३,३० | (५) | घ) | साउन | ५,१२,१९,२६ | | (४) |
| ङ) | भदौ २,९,१६,२३,३० | (५) | च) | असोज | ६,१३,२०,२७ | | (४) |
| छ) | कात्तिक ३,१०,१७,२४ | (४) | ज) | मंसिर | १,८,१५,२२,२९ | | (५) |
| झ) | पुस ७,१४,२१,२८ | (४) | ञ) | माघ | ५,१२,१९,२६ | | (४) |
| ट) | फागुन ४,११,१८,२५ | (४) | ठ) | चैत | २,९,१६,२३,३० | | (५) |

जम्मा: ५३ दिन

५. दशैं बिदाः

असोज २६ गते शनिबारदेखि असोज ३१ गते बिहीबारसम्म दिन छ (फूलपातीदेखि द्वादशीसम्म) ।

६. तिहार बिदाः

(क) लक्ष्मीपूजा कात्तिक १८ गते सोमबारका दिन, एक दिन ।

(ख) गाई (तिहार) पूजा कात्तिक १९ गते मंगलबारका दिन, एक दिन ।

(ग) भाइटीका कात्तिक २० गते बुधबारका दिन, एक दिन ।

७. दिवस बिदाः

(क) संविधान दिवस कात्तिक २३ गते शनिबारका दिन, एक दिन (शनिबार परेकाले बिदा भनिरहनु नपर्ने) ।

(ख) श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस पुस २७ गते शनिबारका दिन, एक दिन (शनिबार परेकाले बिदा भनिरहनु नपर्ने) ।

(ग) शहीद दिवस माघ १६ गते बिहीबारका दिन, एक दिन ।

(घ) राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते बुधबारका दिन, एक दिन ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।

९. शुभ-जन्मोत्सवः

श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव असार २३ गते आइतबारका दिन, एक दिन ।

१०. शुभ-जयन्ती बिदाः

(क) बुद्ध जयन्ती जेठ १२ गते आइतबारका दिन, एक दिन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) श्रीकृष्ण जन्माष्टमी भदौ १४ गते शुक्रबारका दिन, एक दिन ।

११. <u>हाजिर हुने र छुट्ने समय:</u>

उपत्यका बाहिर सरकारी कार्यालय समयको हकमा मंसिर, पुस र माघ तीन महिना (शुक्रबार बाहेक) बिहान १०:०० बजे हाजिर भइ अपरान्ह ४:०० बजे छुट्ने र बाँकी नौ महिना बिहान १०:०० बजे हाजिर भइ अपरान्ह ५:०० बजे छुट्नेछ । उपर्युक्त बिदा नतोकिएको दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १०:०० बजे हाजिर भइ दिउँसो ३:०० बजे छुट्नेछ ।

काठमाडौं उपत्यका भित्रका सरकारी कार्यालयहरूको हकमा भने मंसिर, पुस र माघ तीन महिना (सोमबारदेखि शुक्रबारसम्म) बिहान ९:०० बजे हाजिर भइ अपरान्ह ४:०० बजे छुट्ने र बाँकी नौ महिना बिहान ९:०० बजे हाजिर भइ अपरान्ह ५:०० बजे छुट्नेछ ।

१२. रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय तथा कार्यालयहरू जस्तै- अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, थाना, चौकी, फायर विग्रेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण विभाग, आकाशवाणी र हुलाक समेतमा माथि लेखिएबमोजिम बिदा पाउनेमा काम काज रोक्न नहुने उपर्युक्त कार्यालयहरूका निम्ति सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुऱ्याएर बिदा बस्न पाइनेछ ।

<u>द्रष्टव्य:</u> आधा दिन भन्नाले मंसिर, पुस र माघ तीन महिनाको निम्ति दिनको १:०० बजे र बाँकी नौ महिनाका लागि दिनको १:३० बजेसम्म सम्झनु पर्दछ । तर, काठमाडौं उपत्यका भित्रको लागि आधा दिन भन्नाले मंसिर, पुस र माघ तीन महिनाका निम्ति दिनको १२:३० बजे र बाँकी नौ महिनाको लागि दिनको १:०० बजे सम्झनु पर्दछ ।

आज्ञाले,

**केशवराज राजभण्डारी**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणीकरण गरिएपछि मात्र लागु हुनेछ।